नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मार्तडी, बाजुरा

## बाजुरा जिल्लामा कोभिड-१९ संक्रमण नियन्त्रणका लागि जारी कार्ययोजना, २०७८

(कोभिड-१९ को तेस्रो लहरवाट बाजुरा जिल्ला कम भन्दा कम प्रभावित होस् भन्ने उद्देश्यले तयार गरिएको)

DCCMC को बैठकबाट स्वीकृत तथा जारी मितिः २०७८।०४।२७ गते ।

**१. अनिवार्य मास्क अभियान सञ्चालन ।**

आगामी भाद्र १ गते वाट बाजुरा जिल्लाभर सार्वजनिक स्थान (हाटवजार, पसल, कार्यालय, पार्क, विद्यालय, सवारी साधन आदि) मा मास्क अनिवार्य गर्ने । यस सन्दर्भमा देहाय वमोजिम गर्ने :

क. श्रावण २५ गते देखि ३२ गते सम्म माईकिङ्ग, छलफल, समूहगत प्रचार अभियान, सूचना प्रवाह आदि गर्ने

ख. सवै प्रहरी कार्यालय (ईलाका,चौकी) प्रत्येक लाई कम्तिमा २०० थान मास्क उपलब्ध गराउने । (प्रहरी कार्यालयलाई उपलब्ध गराउने उक्त मास्कको व्यवस्था तत्कालको लागि स्वास्थ्य कार्यालय, बाजुराले गर्ने, ढुवानी प्रवन्ध जिल्ला प्रहरी कार्यालयले मिलाउने)

ग. स्थानीय तह तथा सामाजिक संघसंस्थाहरुले जनचेतनामूलक कार्यक्रमहरुसँगै निशुल्क मास्क वितरण कार्यक्रमहरु सञ्चालन गर्ने ।

घ. भदौ १ गते वाट मास्क नलगाई सार्वजनिक ठाउँमा हिड्ने व्यक्तिलाई रु १० लिई मास्क उपलब्ध गराउने साथै वृद्धबृद्धा, नावालक वा मास्क लगाउनु पर्छ भन्ने चेतना नै नभएको व्यक्ति वाहेक अन्यलाई रु १०० जरिवाना समेत गर्ने ।

ङ. सेवा प्रदायक निकाय (सरकारी/गैरसरकारी/निजी ) हरुले सेवा प्रवाह गर्दा न्यूनतम स्वास्थ्य सुरक्षा मापदण्ड (मास्क, सेनिटाइजर वा सावुन पानी, सामाजिक दूरि) अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

च. अनिवार्य मास्क अभियानमा असहयोग गर्ने सवारी साधन , पसल व्यवसाय, कार्यालय, बैंक तथा बित्तीय संस्था लगायतका सेवा प्रदायक निकायहरुलाई संक्रामक रोग ऐन, २०२० वमोजिम रु २,०००।- देखि ५०००।- सम्म जरिवाना गर्ने ।

छ. जरिवाना गरिएको विवरण जिल्ला प्रहरी कार्यालयले प्रत्येक दिन जिल्ला प्रशासन कार्यालयमा पठाउने र जिल्ला प्रशासन कार्यालयले सोको भोलिपल्ट फेसबुक तथा वेभसाईट मार्फत सार्वजनिक गर्ने ।

**२. यातायातका साधन आवतजावतमा र होटेल, रेष्टुरेन्ट तथा अन्य पसल/ व्यवसाय खोल्न समय सीमा लागू गर्नेः-**

क. **जिल्ला बाहिरबाट भित्रने यातायातका साधनहरुका लागि समयावधी** :- आगामी भाद्र १ गते बाट बाजुरा जिल्ला भित्रिने सवारी साधनहरुले विहान ६:०० वजे वाट साँझ ७:०० वजे सम्म मात्र जिल्ला प्रवेश गर्न पाउने व्यवस्था मिलाउने। तर २ जना सम्म कुरुवा र बिरामी गरी ३ जना सम्म बोकेका चारपाङ्ग्रे साना सवारी साधन वा एम्बुलेन्स तथा अत्यावश्यक कामको लागि जिल्ला प्रशासन कार्यालयको पूर्व स्वीकृति लिएर हिडेका सवारी साधनहरुको हकमा भने सो समया सिमा लागू नहुने।

ख. **होटल व्यवसायहरुको लागि समय सिमा** :- होटल रेष्टुरेण्ट, पसल/व्यवसायहरु राति ८ वजे सम्म मात्र खुल्ला राख्न पाउने ।

**३. मेला, जात्रा, खेलकूद लगायतका भिडभाड हुने कार्य गर्न नपाईने ।**

I. बडीमालिका माताको मन्दिर लगायत अन्य स्थानीय शक्ति पीठहरुमा आगामी असोज मसान्त सम्म नित्य पूजा र अनिवार्य पूजा वाहेक सर्वसाधारण उपस्थित भएर गर्ने पूजा, मेला, उत्सव, आयोजना नगर्ने । यसकार्यमा सहयोगका लागि मन्दिर व्यवस्थापन समिति तथा पूजा आयोजक/संचालकहरु र भक्तजनहरुलाई समेत अनुरोध गर्ने ।

२०७८।४।२६

प्रशासकीय अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मार्तडी, बाजुरा

II. कूल देवता पूजा, विवाह, ब्रतवन्ध लगायतका धार्मिक, सामाजिक उत्सवहरुमा घर परिवारका सिमित सदस्य वाहेक अन्यलाई आमन्त्रण गरी भिडभाड गर्न नदिने । त्यस्तो भए गरेको पाईएमा आयोजकलाई संक्रामक रोग ऐन, २०२० बमोजिम सजाय गर्ने ।

III. खेलकुद प्रतियोगिता वा वैठक, सम्मेलन, आमसभा लगायत भीडभाड हुने कुनै पनि कार्यक्रमहरु आयोजना गर्न स्वीकृति नदिने । स्वास्थ्य मापदण्ड भित्र रहेर आयोजना गर्नु पर्दा पनि जिल्ला प्रशासन कार्यालयको पूर्व स्विकृती अनिवार्य रुपमा लिएको हुनुपर्ने ।उल्लङ्घन गर्नेलाई संक्रामक रोग ऐन, २०२० बमोजिम जरिवाना र सजाय गर्ने ।

४. विद्यालयको पठन पाठन : कोरोनाको संक्रमण नियन्त्रणमा नै रहेसम्म भौतिक उपस्थितिमा पठनपाठन गरिरहेका/गर्न चाहने विद्यालयहरुले *बाजुरा जिल्लामा कोरोनाको संक्रमणका समयमा विद्यालय संचालन सम्बन्धी मापदण्ड, २०७८* मा भएको मापदण्ड अनिवार्य रुपमा पालना गरेको हुनुपर्ने ।

- मापदण्ड पालना गर्ने गराउने जिम्मेवारी सम्बन्धित प्र.अ. र वि.व्य.स.को हुनेछ ।
- मापदण्ड पालना भए/नभएको अनुगमन गरी मापदण्ड पालना नगर्ने वा गर्ने अवस्था नभएको विद्यालयको भौतिक उपस्थितिमा भईरहेको पठनपाठन कार्य तत्काल वन्द गराई सोको जानकारी DCCMC लाई पठाउने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ ।

तर कोरोनाको संक्रमण बढ्न गई विद्यालयहरु अनिवार्य रुपमा वन्द गर्न सूचना जारी भएको अवस्थामा कुनै वा सबै विद्यालयहरु जुनसुकै वेला वन्द गर्न सकिने छ ।

५. नाकाहरुमा हेल्थ डेस्क सञ्चालन :-

i. प्रथम चरणमा आगामी भाद्र १ गतेवाट डाव बजार, कोल्टी विमानस्थल, जुड्डी र धुलाचौर गरी ४ स्थानमा विहान ६:०० वजे देखि साँझ ७:०० वजे सम्म न्यूनतम स्वास्थ्य उपकरण सहितको हेल्थ डेस्क स्थापना गरी उक्त डेस्कमा २/२ जना स्वास्थ्यकर्मी र २/२ जना प्रहरी कर्मचारी खटाउने ।स्वास्थ्यकर्मी खटाउन स्वास्थ्य कार्यालय प्रमुखले स्थानीय तहसंग समन्वय गर्ने । प्रहरी कर्मचारीको प्रबन्ध जिल्ला प्रहरी प्रमुखले मिलाउने ।हेल्थ डेस्क राख्ने स्थानको लागि स्थानीय तहसंग स्थानीय प्रहरी यूनीटका प्रमुखले समन्वय गर्ने ।

ii. नाकावाट जिल्ला प्रवेश गर्ने प्रत्येक व्यक्तिलाई मास्क अनिवार्य गर्ने । प्रत्येकको ज्वरो नाप्ने लगायत सामान्य स्वास्थ्य परीक्षण समेत गर्ने । यदि कसैमा कोरोना संक्रमण लक्षण देखिएमा वा शंका लागेमा नाकामा नै Antigen परीक्षण गर्ने व्यवस्था पालिकाहरुसंगको समन्वयमा स्वास्थ्य कार्यालयले मिलाउने।डाव बजारमा एक जना थप ल्याव टेक्निसियन स्वास्थ्य कार्यालयले पठाउने।

iii. स्थानीय तहहरुले आवश्यक ठानेका स्थानहरुमा थप हेल्थ डेस्क राख्न सक्नेछन । स्थानीयतहले थप गरेका हेल्थडेस्कमा जिल्ला प्रहरीले उपर्युक्त बमोजिम सुरक्षाकर्मी खटाउनेछ ।

iv. DCCMC ले आवश्यक देखेमा स्थानीय तहसँग समन्वय गरी थप स्थानमा हेल्थ डेस्क राख्न सक्नेछ ।

v. नाकामा परीक्षण गर्दा Antigen Positive देखिएमा :-

- निजका आफन्तलाई र सम्बन्धित व्यक्तिको वसोवास रहेको प्रहरी कार्यालय मार्फत सम्बन्धित वडाका जनप्रतिनिधिहरुलाई जानकारी गराई स्वास्थ्य मापदण्ड अपनाएर घर पठाउने ।
- घर गएपछि होम आईसोलेशनमा बसे नबसेको अनुगमन स्थानीय प्रहरी, स्वास्थ्य कर्मचारी र जनप्रतिनिधिहरुले गर्ने ।

गोपाल कुमार अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मार्तडी, बाजुरा

vi. कोरोना संक्रमित भएर लापरवाही गर्ने व्यक्तिलाई पालिकाहरुको आईसोलेशनमा राख्ने प्रवन्ध सम्बन्धित पालिकाले मिलाउने ।

vii. कुनै नाकाबाट भित्रने व्यक्तिहरुमा कोरोनाको दर बढ्न गएमा र पालिकाको आइसोलेशन सेन्टर टाडा पर्न गई व्यवस्थापनमा कठिनाई हुने अवस्था सिर्जना भएमा स्थानीय तहहरुसँग समन्वय गरी पायक पर्ने स्थानमा आइसोलेशन सेन्टर बनाउन सकिनेछ ।

६. हेल्थ डेस्क राख्ने स्थान :-

- तोकिएको नाकामा पायक पर्ने स्थानमा प्रहरी कार्यालय, स्वास्थ्य संस्था वा अन्य सार्वजनिक भवन भए सोही स्थानमा राख्ने ।
- त्यस्तो स्थान नभएमा स्थानीय पालिकासंग समन्वय गरी अस्थायी टहरा वनाएर वा टेन्ट जोडेर डेस्क तयार गर्ने । उल्लेखित उपाय सम्भव नभएमा पायक पर्ने स्थानमा कोठा भाडामा लिएर भए पनि सञ्चालन गर्ने ।
- सोको प्रवन्ध बुढीगंगा नगरपालिकाले गर्ने । नगरपालिकाले गर्न नसकेमा DCCMC ले प्रवन्ध गर्ने ।

७. हेल्थ डेस्कमा खटिने कर्मचारीलाई प्रोत्साहन प्रवन्ध :-

I. कार्यालय रहेको स्थानबाट एक घण्टा भन्दा वढीको दूरिमा रहेको ~~अन्य~~ हेल्थ डेस्कमा खटिने स्वास्थकर्मी र सुरक्षाकर्मी २/२ जनालाई खाना खाजा वापत दैनिक रु ३००।- उपलब्ध गराउने । कार्यालय रहेको स्थानवाट १ घण्टा भन्दा कम दूरीमा खटिने कर्मचारीलाई खाजा खर्च वापत् दैनिक रु १५०।- उपलब्ध गराउने ।

II. खाना खाजा वापतको रकमको सुनिश्चितता DCCMC ले गर्ने । यसको लागि प्रमुख जिल्ला अधिकारीले आवश्यक समन्वय गर्ने ।तर स्थानीय तहले थप गरेका डेस्कमा खटिने स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरुलाई खाजाभत्ता सम्बन्धित पालिकाले नै व्यवस्था गर्नेछ ।

III. हेल्थडेस्क तथा कोरोना नियन्त्रणमा खटिनेहरुलाई स्थानीयतहरुले आवश्यक देखेमा थप प्रोत्साहन उपलब्ध गराउन सक्नेछन ।

IV. डाव बजारमा खटिने कर्मचारीलाई राती सुत्नका लागि आवश्यक पर्ने भएमा २ कोठा भाडामा समेत लिने ।

८. एन्टिजेन्ट किट प्रवन्ध :

I. तत्काल स्वास्थ्य कार्यालयले आफूसंग भएको किट आवश्यकताका आधारमा नाका तथा स्वास्थ्य संस्थाहरुमा वितरण गर्ने ।

II. स्थानीय तहहरुले कम्तिमा पनि ५००/५०० थान किट तत्काल खरिद गरेर स्वास्थ्य संस्थाहरुलाई उपलब्ध गराउने ।

III. सुदूरपश्चिम प्रदेश, सामाजिक विकास मन्त्रालयसंग तत्काललाई ५००० थान किट उपलब्ध गराईदिन अनुरोध गर्ने । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पनि ५००० थान किटका लागि अनुरोध गर्ने ।

**९. कोभिड परीक्षणको दायरा वढाउने :** अस्पताल वा स्वास्थ्य संस्थामा उपचार गर्न आउने विरामीमा शंकास्पद लक्षण देखिएमा वा आशंका लागेमा तथा कुनै वडा वा टोलमा कोभिडसंग मिल्ने वा मिल्न सक्ने लक्षण भएका विरामी भएको पाईएमा तत्काल केही व्यक्तिको कोभिड-१९ को परीक्षण गर्ने । यस्को लागि पालिकाका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्था संग स्वास्थ्य कार्यालयले समन्वय गर्ने।

१०. लकडाउन वा निशेधाज्ञा जारी गर्ने अवस्था :-

I. कुनै टोलमा ५ जना भन्दा बढी सकृय संक्रमित देखिएमा टोलभर ।

2078/8/26
गोपाल कुमार अधिकारी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मार्तडी, बाजुरा

II. कुनै वडामा १०-१५ जना सम्म सकृय संक्रमित देखिएमा सम्बन्धित वडाभर ।
III. एक भन्दा बढी वडा प्रत्येकमा १०-१५ संक्रमित देखिएमा पालिकाभर ।
IV. ५ भन्दा बढी पालिका प्रत्येकमा २५ जना भन्दा बढी संक्रमित देखिएमा जिल्लाभर।
V. विशेष अवस्था सिर्जना भएमा वा निर्देशन प्राप्त भएमा जुनसुकै वेला निषेधाज्ञा जारी गर्न सकिनेछ ।

११. स्रोत प्रवन्धः

DCCMC को निर्णयबाट स्थापना र सञ्चालन हुने हेल्थडेस्कमा खटिने कर्मचारीहरुलाई खाजाखाना खर्च तथा अन्य अत्यावश्यक सामाग्रीहरुको व्यवस्था, जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन तथा स्थानीय तहबाट उपलब्ध जनशक्ति नपुग भई थप प्रवन्ध गर्न परेमा सो समेतको प्रवन्ध गर्न देहाय बमोजिम बजेट प्रवन्ध गरिनेछ ।

I. PCR LAB स्थापना र सञ्चालनका लागि गतबर्ष स्थानीयतहहरुबाट लागत साझेदारीका लागि जिल्ला बिपद् व्यवस्थापन कोषमा जम्मा गरिएको रकममध्येबाट केही रकम तत्काललाई खर्च गर्दै गर्ने । (PCR LAB का लागि सुदुरपश्चिम प्रदेश सरकारबाट गत आ.ब. ०७७।७८ मा केही बजेट प्राप्त भएको; चालूबर्षमा पनि थप बजेट पनि प्राप्त हुने क्रममा रहेको तथा संघीय सरकारबाट पनि केही बजेट प्राप्त हुने संभावना रहेकाले पालिकाहरुले प्रथम चरणमा जम्मा गरेको सबै रकम PCR Lab का लागि आवश्यक नपर्ने भएकाले ।)
II. सुदूरपश्चिम प्रदेश सरकार र संघ सरकारसँग कार्ययोजना कार्यान्वयनका लागि बजेट माग गर्ने ।

१२. विभिन्न निकायको जिम्मेवारी र दायित्व :-

<u>क. स्थानीय तहको दायित्व</u>

१. कोभिड १९ संक्रमणवाट जोगिने उपायबारे जनचेतनामुलक कार्यक्रम/अभियानहरु संचालन गर्ने ।
२. हेल्थ डेस्कको लागि स्थान व्यवस्थापन गर्ने ।
३. दैनिक विहान ६ बजे देखि साझ ७ बजे सम्म कम्तिमा २ जना स्वास्थ्यकर्मी हेल्थ डेस्कमा खटाउने ।
४. हेल्थ डेस्कको अनुगमन गर्ने ।
५. विद्यालयहरुलाई स्वास्थ्य मापदण्ड पालना गर्न लगाउने ।
६. मापदण्ड पालना गर्न नसक्ने विद्यालयहरुलाई भौतिक उपस्थितिमा पठापाठन गर्न रोक लगाई सोको जानकारी DCCMC लाई दिने ।
७. भएका एम्बुलेन्स मर्मत सम्भार गरी तयारी अवस्थामा राख्ने । एम्बुलेन्सको लागि हटलाइन र जिम्मेवार चालकको व्यवस्था गर्ने ।
८. जिल्ला बाहिरबाट आएका व्यक्तिहरुको निगरानी/अनुगमन गरी होम क्वारेन्टाइनमा बस्न लगाउने ।
९. पालिकामा खानेपानी, शौचालय, बिजुली सहितको आईसोलेशन सेन्टर तयारी अवस्थामा राख्ने।
१०. कोभिड १९ संक्रमणको लक्षण देखिएकाहरुलाई होम आइसोलेशनमा बस्न लगाउने वा पालिकाले बनाएको आइसोलेशनमा राख्ने । संक्रमित व्यक्तिको स्वास्थ्य अवस्थामा सुधार नआएमा तत्काल स्वास्थ्य संस्थामा पुऱ्याई उपचारको प्रवन्ध गर्ने ।
११. स्वास्थ्य संस्थामा अक्सिजन प्रवन्ध गर्ने ।
१२. एन्टीजेन कीटको प्रवन्ध गर्नुका साथै परिक्षणको दायरा बढाउने ।
१३. पालिका स्तरमा समन्वय बैठक राखी कोरना संक्रमण नियन्त्रण अभियानको नियमित समीक्षा गर्ने ।
१४. DCCMC लाई आवश्यक सुझाव/परामर्श दिने ।

२०७८/४/२६
नेपाल कुमार अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मार्तडी, बाजुरा

ख. स्वास्थ्य कार्यालयको दायित्व

१. मास्क नलगाई हिड्नेहरुलाई रु १० लिई (अवस्था हेरी निशुल्क समेत) मास्क उपलब्ध गराउने प्रयोजनका लागि प्रत्येक प्रहरी यूनीटलाई तत्काल न्यूनतम २००/२०० थान मास्क जिल्ला प्रहरी कार्यालय मार्फत उपलब्ध गराउने ।
२. हेल्थ डेस्क तथा स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्य सामग्री र औषधिहरुको प्रवन्ध गर्ने सहयोग/ समन्वय गर्ने ।
३. नियमित रुपमा सूचना संकलन, बिष्लेषण र प्रतिवेदन गर्ने।
४. हेल्थ डेस्क तथा स्वास्थ्य संस्थाहरुको अनुगमन गर्ने ।
५. सर्वसाधारणहरुलाई मास्क वितरण तथा जनचेतनामूलक कार्यक्रमको आयोजना र गै.स.स.हरु संग समन्वय गर्ने।

ग. जिल्ला प्रहरी कार्यालयको दायित्व

१. हेल्थडेस्कमा कम्तिमा २ जना सुरक्षाकर्मी खटाउने ।
२. आवश्यक समन्वय गरी सवै प्रहरी यूनीटहरुमा न्यूनतम २०० थान मास्क तत्काल उपलब्ध गराउने ।
३. मेला, कुलदेउता पूजा लगायतका सामाजिक साँस्कृतिक कार्यक्रमहरुमा भिडभाड गर्न नदिने ।
४. विभिन्न विकायहरु संग समन्वय गरी जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।
५. कार्ययोजना कार्यान्वयन गर्न प्रहरी यूनिटहरुलाई सक्रिय पार्ने ।
६. कोरोना महामारीको नियन्त्रण सम्बन्धमा तोकिएका अन्य कार्यहरु गर्ने ।

घ. सशत्र प्रहरी वल नेपालको दायित्व

१. नेपाल प्रहरीसंग समन्वय, सहकार्य गरी सदरमुकाम तथा मार्तडी-साँफे सडकमा रहेका बजार क्षेत्रमा अनिवार्य मास्क अभियानमा सहभागिता जनाउने ।
२. सचेतनामूलक कार्यक्रमहरु सञ्चालन र सहभागिता गर्ने ।
३. कोरोना महामारीको नियन्त्रण सम्बन्धमा तोकिएका अन्य कार्यहरु गर्ने ।

ङ. नेपाली सेनाको दायित्वः

१. जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने
२. कोरोना संक्रमण नियन्त्रणका सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

च. शिक्षा विकास तथा समन्वय इकाईको दायित्व

१. विद्यालयहरुलाई आफ्नो विद्यालय क्षेत्रभित्र जनचेतनामुलक कार्यक्रम संचालन गर्न उत्प्रेरित गर्ने
२. विद्यालयहरुले स्वास्थ्य मापदण्ड पालना गरे/नगरेको अनुगमन/सूचना संकलन र प्रतिवेदन गर्ने ।

छ.जिल्ला अस्पताल बाजुराको दायित्वः

१. जिल्लाका स्वास्थ्य संस्थाहरुमा अक्सिजन उपलब्धताका लागि समन्वय र सहकार्य गर्ने ।
२. उपलब्ध स्वास्थ्य सामग्री सहयोग गर्ने ।
३. स्वास्थ्यसंस्थाका प्रमुखहरुसँग सम्पर्क र सूचना आदानप्रदान गर्ने ।
४. जनचेतनामूलक कार्यमा सहयोग गर्ने ।
५. एम्बुलेन्स यथाशिघ्र सञ्चालनमा ल्याउने । एम्बुलेन्सको लागि हटलाइन र जिम्मेवार चालकको व्यवस्था गर्ने ।

ज. संचार माध्यम

१. जनचेतनामुलक सूचना/कार्यक्रम प्रकाशन/प्रसारण गर्ने ।
२. अनुगमन र रचनात्मक सुझाव दिने ।

२०७८/४/२६

गोपाल कुमार अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मार्तडी, बाजुरा

झ. प्रमुख जिल्ला अधिकारी

१. आवश्यक समन्वय गर्ने ।
२. अनुगमन प्रवन्ध गर्ने ।
३. कार्यान्वयनको समीक्षा वैठकहरु आयोजना गर्ने।

ञ. जिल्ला समन्वय समिति

१. जनचेतनामुलक मूलक कार्यक्रमको समन्वय ।
२. संघसंस्था परिचालन ।
३. अनुगमन र सुझाव ।

ट. गै.स.स/नागरिक संघसंस्था/विद्यालय/ राजनैतिक दल/भातृ संगठनहरु/ सचेत बाजुरेली नागरिक सबैको दायित्व

१. जनचेतनामुलक अभियान संचालन गर्ने ।
२. मास्क, सावुन, सेनिटाईजर, थर्मलगन, ग्लोब्स लगायतका सामाग्री वितरण गर्ने/गर्न सहयोग गर्ने ।
३. स्वयंसेवकहरु खटाउने
४. DCCMC लाई रचनात्मक सुझाव दिने ।

*नोट :- यो कार्ययोजनामा DCCMC को निर्णयवाट आवश्यकता अनुसार संसोधन गर्न सकिने छ ।*

२०७७।४।२६
गोपाल कुमार अधिकारी
प्रमुख जिल्ला अधिकारी